☎ (+९७७)-०३८-५२०४७२

# जिल्ला समन्वय समितिको कार्यालय

## सोलुखुम्बु

सल्लेरी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

पत्र संख्याः (असल अभ्यास)-०८२/८३
चलानी नं. ४९

मितिः २०८२।०५।०६
ने.सं. ११४५ गुंलागा चतुर्दशी

**विषयः** <u>स्थानीय तहको असल अभ्यास आदान प्रदान कार्यक्रम सम्बन्धमा।</u>

श्री सोलुदुधकुण्ड नगरपालिकाको कार्यालय, सल्लेरी, सोलुखुम्बु ।
श्री खुम्बु पासाङल्हामु गाउँपालिकाको कार्यालय, चौंरीखर्क, सोलुखुम्बु ।
श्री थुलुङदुधकोशी गाउँपालिकाको कार्यालय, मुक्ली, सोलुखुम्बु ।
श्री नेचासल्यान गाउँपालिकाको कार्यालय, नेचा वेतघारी सोलुखुम्बु ।
श्री महाकुलुङ गाउँपालिकाको कार्यालय, बुङ, सोलुखुम्बु ।
श्री माप्यदुधकोशी गाउँपालिकाको कार्यालय, खास्तप, सोलुखुम्बु ।
श्री लिखुपिके गाउँपालिकाको कार्यालय, चौलाखर्क सोलुखुम्बु ।
श्री सोताङ गाउँपालिकाको कार्यालय, सोताङ, सोलुखुम्बु ।

उपर्युक्त विषयको सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (योजना तथा अनुगमन शाखा) को च.नं. ९ मिति २०८२/०४/०७ को <u>जिल्लास्तरमा स्थानीय तहको असल अभ्यास सम्बन्धी अनुभव आदानप्रदान कार्यक्रम</u> सम्बन्धी पत्रबाट कार्यकम सम्बन्धी बेहोरा अवगत गरी आवश्यक तयारी गर्नुभएकै होला। जिल्लास्थित सबै नगरपालिका तथा गाउँपालिकासँगको समन्वय र यस कार्यालयको निर्णयानुसार स्थानीय तहको आ.व. २०८१/०८२ को जिल्लास्तरको असल अभ्यास आदान प्रदान कार्यक्रम तपसिल बमोजिमको मिति, समय र स्थानमा आयोजना गरिएकाले तहाँबाट आफ्नो गाउँ/नगरपालिकाको वार्षिक प्रगति समीक्षा तथा असल अभ्यास सम्बन्धी प्रस्तुतिकरण सहित अध्यक्ष वा उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत उपस्थित भइदिनु हुन अनुरोध छ।

<u>तपसिल</u>
मितिः २०८२ भाद्र १२ गते विहीबार
समयः विहान १०:३० बजेदेखि
स्थानः कृषि ज्ञान केन्द्रको सभाहल

(चन्द्र सिंह श्रेष्ठ)
जिल्ला समन्वय अधिकारी

नोटः दैनिक भ्रमण खर्चको व्यवस्था नभएकाले सम्बन्धित कार्यालयबाटै बेहोर्नुपर्नेछ।